FACTSHEET

**प्रतिषेध:** यो जानकारीपत्र शैक्षिक प्रयोजनका लागि मात्र हो। अंग्रेजीबाट सही अनुवाद गर्न हरेक प्रयास गरिए पनि, भाषा अनुवादको काम एकदमै जटिल हो र त्यसैले व्यक्तिगत अनुवादहरूमा त्रुटि पाइन सक्छन्। तपाईँको बच्चाको लागि यो जानकारी सही भएको निश्चित गर्नका लागि कृपया तपाईँको डाक्टर वा अन्य स्वास्थ्य व्यवसायीहरूसँग परामर्श लिनुहोस्।

# ट्युबबाट खुवाउने: नासोग्यास्ट्रिक (Nasogastric) ट्युबबाट तपाईँको बच्चाको हेरचाह

# Tube feeding: Caring for your child's Nasogastric tube

नासोग्यास्ट्रिक (NG) ट्युब एउटा यस्तो विशेष ट्युब हो जसले मिश्रण, तरलपदार्थ तथा औषधिलाई नाकको माध्यमबाट सीधै पेटमा पुर्‍याउँछ। केही बालबालिकाका लागि यो उनीहरूको पौष्टिक आहार तथा तरल पदार्थ दिनका लागि प्रयोग गरिन्छ र अन्य बालबालिकाका लागि यसलाई सामान्य खानाको सम्मिश्रणसँग प्रयोग गरिन्छ।

तपाईँको बच्चाको NG ट्युबलाई दैनिक हेरचाहको जरूरत पर्दछ। दिनहुँको मर्मतबाट यसले काम गर्ने, धेरै टिक्ने र अनावश्यकरूपमा फेर्नु नपर्ने निश्चित हुन्छ।

## NG ट्युबको अवस्था जाँच गर्दा

## Checking the NG tube position

NG ट्युबमा कुनै पनि मिश्रण, पानी वा औषधि राख्नुभन्दा पहिला तपाईँले निश्चय गर्नुपर्छ कि ट्युबको टुप्पो खासमा पेटमा पर्छ।

यो केही ग्यास्ट्रिक तरललाई ट्युबबाट सिरिञ्जमार्फत निकाली लिटमस पेपर/पीएच इन्डिकेटरको प्रयोगले यसमा एसिडिटी (यसमा आउने रङ्गको परिवर्तनले संकेत गर्छ) जाँच गरेर गरिन्छ। ग्यास्ट्रिक तरलको नमूनालाई प्राप्त गर्न केही प्रयासहरू गर्नुपर्ने हुन सक्छ र तपाईँको बच्चाको स्थान परिवर्तन गर्दा सहयोग पुग्न सक्छ। तपाईँको स्वास्थ्य व्यवसायीले कसरी यस्तो गर्ने भनेर सिकाउनु हुनेछ।

तपाईँले NG ट्युबलाई प्रयोग गर्नु हुँदैन यदि तपाईँ निश्तित हुनु हुन्न वा बच्चामा यस्को अवस्थाका बारेमा यकिन गर्न सक्नु हुन्न भने। यदि तपाईँलाई कुनै शंका लागेमा सुझावका लागि तपाईँको स्वास्थ्य व्यवसायीलाई तुरून्त सम्पर्क गर्नुहोस्।

## ट्युबलाई पखाल्दा

## Flushing the tube

तपाईँको बच्चाको ट्युबलाई नियमित रूपमा पखाल्दा यसले NG ट्युबमा रोकावट हुनबाट जोगाउँछ। तपाईँको स्वास्थ्य व्यवसायीले तपाईँलाई कसरी गर्ने भनेर सिकाउँछन्।

कम्तीमा पनि हरेक पल्ट खुवाइसकेपछि, र औषधि दिइसकेपछि NG ट्युबलाई 5-20 मिलि पानी (मात्रा तपाईँको बच्चाको उमेर वा तपाईँको स्वास्थ्यकर्मीले सुझाएअनुरूप फरक पर्छ) ले सफा गर्नुपर्छ। यदि खुवाउने तथा औषधि दिने काम कम मात्रामा हुन्छ भने ट्युबलाई हरेक 4 घण्टामा सफा गरिनुपर्छ।

**NG ट्युबलाई पखाल्दा:**

1. खुवाउने पोर्टमा सिरिञ्जको टुप्पो राख्नुहोस्, सुईविना।
2. ट्युबलाई पखाल्नका लागि सुझाइएको मात्रामा तातो पानीलाई सिरिञ्जभित्र राख्नुहोस्।

गुरूत्वाकर्षणका कारण पानी ट्युबभित्र बहन सक्छ वा सिरिञ्जमा सुई हालेर बिस्तारै हल्कासँग धकेल्न सक्नुहुन्छ।

यदि तपाईँको बच्चा पम्पका माध्यमबाट खान्छ भने पनि नियमित सफाइ आवश्यक हुन्छ। पम्पलाई 'होल्ड' मा राखिनु पर्छ र फ्लस गर्दा NG ट्युबलाई छुट्याइनुपर्छ।

the children's hospital at Westmead — The Sydney children's Hospitals Network

SYDNEY CHILDREN'S HOSPITAL RANDWICK — The Sydney children's Hospitals Network

HNEkidshealth — Children, Young People & Families


© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

## रोकावट भएको NG ट्युबलाई व्यवस्थित गर्ने र जोगाउने

### Managing and preventing a blocked NG tube

यदि तपाईँको बच्चाको NG ट्युब ब्लक भएको खण्डमाः

1. NG ट्युब घुमर्किएको वा बाँगिएको छ कि छैन जाँच्नुसः
2. 30 मिलि वा सानो सिरिञ्जको प्रयोग गर्नुस्।
3. सिरिञ्जलाई तातो पानीले भर्नुस् र NG ट्युबभित्र उचित चाप दिएर फ्लस गर्नुहोस्। यदि त्यसो गर्दा रोकावट आयो भने केही मिनेटका लागि सिरिञ्जलाई बिस्तारै धकेल्ने तान्ने काम गरेर रोकावट हटाउन सक्नुहुन्छ कि हेर्नुहोस्।
4. 4. यदि यसले काम **गरेन** भने सुझावका लागि तपाईँको स्वास्थ्यकर्मी वा स्थानीय अस्पताललाई सम्पर्क गर्नुहोस्।

NG ट्युबलाई ब्लक हुनबाट जोगाउनु जरूरी हुन्छ। नियमित रूपमा फ्लस गर्दा यसलाई जोगाउन सकिन्छ।

NG लाई ब्लक हुने खतरा थप कम गर्नका लागिः

- पानीको फ्लसको मात्रा तथा समयका लागि निर्देशनहरूको पालना गर्नुहोस्।
- औषधिलाई तरलरूपमा पाउन आग्रह गर्नुहोस् र तपाईँको बच्चालाई NG ट्युबमार्फत औषधि खुवाउनका सुरक्षित छन् कि छैनन् भनेर तपाईँको औषधि बिक्रेतासँग जँचाउनुस्।
- तपाईँको स्वास्थ्यकर्मीले सुझाव नदिइएसम्म औषधिलाई फर्मुलासँग नमिसाई खुवाउनुहोस्।

## तपाईँको बच्चाको NG ट्युब बाहिर निस्कियो भने के गर्ने?

### What to do if your child's NG tube comes out?

- बच्चाको NG ट्युब बाहिर निस्कियो भने के गर्ने भनेर तपाईँको स्वास्थ्यकर्मीले तपाईँलाई निर्देशन दिइसकेको हुन्छ।
- यदि तपाईँलाई NG ट्युबलाई पुनः कसरी फेरि भित्र पठाउने भनेर तपाईँको स्वास्थ्यकर्मीले तालिम दिएका छन् भने मात्र यस्तो गर्ने कोशिस गर्नुहोस्। किनकि यसमा ट्युबलाई पेटको सट्टा फोक्सोमा राखिन सक्ने खतरा हुन्छ।
- यदि तपाईँ यसमा तालिम प्राप्त होइन भने बदल्न सुझावका लागि तपाईँको स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस्।
- यदि तपाईँ आफ्नो स्वास्थ्यकर्मीलाई सम्पर्क गर्न असमर्थ हुनुभयो भने नजिकैको आकस्मिक विभागमा सहायताका लागि बच्चालाई पुर्‍याउनुहोस्। यदि तपाईँसँग जगेडा उपकरण छन् भने कृपया तिनलाई तपाईँसँगै लैजानुहोस्।

## छालाको हेरचाह

### Skin care

तपाईँको बच्चाको छालाको उचित हेरचाह गरेमा यसले पोल्ने, रातो हुने वा चिलाउने हुनबाट जोगाउँछ।

**तपाईँले पालना गर्नुपर्ने केही साधारण चरणहरूः**

- NG ट्युबनजिक पर्ने बच्चाको छालालाई तातो पानी र नुहाउने कपडाले सफा गर्नुस्।
- नाकको वरपरबाट सबै प्राप्रालगायतका फोहोरहरू हटाउनुहोस्।
- टेपलाई हटाउनुछ भने छालालाई क्षति हुनबाट जोगाउन छालामा टाँसिएको चिज हटाउने पदार्थको प्रयोग गर्नुहोस्, उपलब्ध छ भने।
- नयाँ टेप लगाउनुअघि छाला सफा र सुख्खा भएको यकिन गर्नुहोस्।
- यदि अनुहारको एक भागमा कुनै रातोपना वा इरिटेसन देख्नुभयो भने तपाईँले NG ट्युबलाई नाकको अर्को प्वालमा राख्न विचार पुर्‍याउनुपर्छ।

## तपाईँको बच्चाको NG ट्युबलाई कति समयमा बदल्नु पर्छ?

### How often does your child's NG tube need changing?

कति समयमा आफ्नो बच्चाको ट्युब फेर्ने भनेर तपाईँको स्वास्थ्कर्मीलाई सोध्नुहोस्। केही NG ट्युबहरू 3 महिनासम्म पनि रहन सक्छन्, अन्यलाई चाहिँ धेरै पटक फेरिनुपर्छ।

## तपाईँले सहयोगका लागि कहिले अनुरोध गर्ने?

### When should you ask for help?

तलका निम्न कुरा भएमा तपाईँले आफ्नो स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुपर्छः

- दुवै नाकको प्वालमा रातोपना र सुन्निएको देखेमा।
- ट्युब ब्लक भएको छ र तपाईँले यसलाई खुलाउन सक्नु भएन भने।
- ट्युब खसेमा र यसलाई बदल्न तपाईँले सक्नुभएन भने।
- यदि ट्युबलाई बदल्न पर्‍यो भने।

### याद गर्नुहोस्:

### Remember:

- कुनै पनि फर्मुला, पानी वा औषधि NG ट्युबमा राख्नुभन्दा अघि, तपाईँले सुनिश्चित गर्नु पर्छ कि ट्युबको टुप्पो पेटभित्र छ।
- NG ट्युबलाई सिफारिस गरिए जसरी नियमितरूपमा फ्लस गरिनु महत्वपूर्ण हुन्छ।
- छालाको राम्रो हेरचाह गरेमा यसले तपाईँको बच्चालाई छालाको इरिटेसनबाट जोगाउँछ।
- यदि NG ट्युब तानिएको छ वा हटाइएको छ भने यदि तपाईँ यसलाई पुनः सुरक्षित तवरले प्रवेश गराउनका लागि स्वास्थ्कर्मीद्वारा तालिमप्राप्त हो भने मात्र पुनः राख्ने कोशिस गर्नुहोला।

© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.